आज मिति २०८१ साल माघ २३ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को छैटौं बैठक अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्तध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री जय बहादुर वाईबा | |

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिटकर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: स्थानीय तहको संस्थागत क्षमता स्व:मुल्यांकन (LISA) र वित्तीय सुशासन जोखिम मुल्यांकन (FRA) को प्रारम्भिक नतिजा अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. २: सार्वजनिक सुनुवाई सम्बन्धमा।

प्रस्ताव नं. ३: कार्यविधि पारित सम्बन्धमा।

प्रस्ताव नं. ४: इजाजत पत्र सम्बन्धमा।

प्रस्ताव नं. ५: आर्थिक सहयोग सम्बन्धमा।

प्रस्ताव नं. ६: संघीय सरकारको समपूरक र विशेष अनुदानका लागि योजना छनौट सम्बन्धमा।

प्रस्ताव नं. ७: विविध।

**निर्णयहरु:**

**निर्णय नं. १:** यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ स्थानीय तहको संस्थागत क्षमता स्व:मुल्यांकन (LISA) र वित्तीय सुशासन जोखिम मुल्यांकन (FRA) को विभिन्न सूचकहरुको अनलाईन प्रणालीमा प्रविष्टि गरि प्राप्त प्रारम्भिक नतिजालाई अनुमोदन गरी पृष्ठपोषणको लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २:** चालु आर्थिक वर्ष २०८१।८२ को दोश्रो त्रैमासिक अवधिसम्म यस गाउँपालिकाद्धारा प्रवाह गरिएको सेवा प्रवाह र विकास निर्माणका प्रभावकारिताको विषयमा सरोकारवालाहरुसँग अन्तर्क्रिया गर्ने गरि मिति २०८१ फागुन ६ गते गाउँपालिकाको प्राङ्गणमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र त्यसको पुर्वतयारीको लागि कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ३:** गाउँपालिका क्षेत्रमा किसानहरूको उत्पादनजन्य बालीलाई जंगली जनावर विशेष गरी बादरका कारण अन्न बाली नोक्सानी, मानव-वन्यजन्तु द्वन्द्व र अन्य समस्याहरू भोग्नु परिरहेकोले उक्त समस्यालाई समाधान गर्न बाँदर हेरालु कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** श्री कालिका त्रिपुरा इन्जिनियरिङ एण्ड विल्डर्स प्रा.लि. त्रिपुरासुन्दरी ६, टेकानपुर सिन्धुपाल्चोकले घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि निवेदन पेश गरेको हुदा निजले पेश गरेको कागजातहरुको जाँचबुझ गर्दा ***त्रिपुरासुन्दरी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५*** को अनुसूचि ५ बमोजिमको सबै प्रकृया पुरा गरेको देखिएकोले निजलाई निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:** यस गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७६(पहिलो संशोधन) अनुसार तपशिल बमोजिमका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

तपशिल:

| क्र.सं. | नाम थर | ठेगाना | सहायता प्रदान गर्नुको कारण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पुर्ण बहादुर थामी | त्रिपुरासुन्दरी -२ | घाँटी क्यान्सर | १००००। | |

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३